# खप्तड छेडेदह गाउँपालिका
KHAPTAD CHHEDEDAHA RURAL MUNICIPALITY
## गाउँकार्यपालिकाको कार्यालय
OFFICE OF THE RURAL MUNICIPALITY EXECUTIVE
डोगडी, बाजुरा
DOGADI, BAJURA

9865954003 – गा.पा अध्यक्ष
9868546033 - गा.पा उपाध्यक्ष
9858076268 – प्र.प्र.अ. (CAO)
www.chhededahamun.gov.np
icto.chhededaha@gmail.com
सुदुरपश्चिमप्रदेश, नेपाल
(SUDURPASCHIM PRO,


प.स:२०८३।०८४ मिति:२०८३।०५।२४

च.न:

**प्रेस विज्ञप्ती**

मिति २०८३ साल भदौ १० गते रसुवा जिल्लाको रसुवागढी तथा तल्लो तटीय क्षेत्रमा भोटेकोशी नदीमा आएको भीषण तथा विनाशकारी बाढीका कारण रसुवा, नुवाकोट, धादिङ, चितवनलगायतका जिल्लाहरूमा भएको ठूलो जनधनको क्षतिप्रति खप्तड छेडेदह गाउँपालिका गहिरो दुःख व्यक्त गर्दछ । प्राकृतिक विपद्का कारण ज्यान गुमाउनुहुने सम्पूर्ण मृतकहरूप्रति गाउँपालिकाको तर्फबाट भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्दछौं । साथै, यस विपद्मा परी घाइते तथा प्रभावित हुनुभएका सम्पूर्ण नागरिकहरूको शीघ्र स्वास्थ्य लाभ, सुरक्षित पुनर्स्थापना तथा सहज जनजीवनको कामना गर्दछौं ।

विपद्का कारण आफ्ना आफन्त, घरपरिवार, सम्पत्ति तथा जीवनयापनका आधार गुमाउनुपरेका नागरिकहरूको पीडा अत्यन्तै मर्मस्पर्शी र शब्दमा व्यक्त गर्न कठिन छ । यस्तो राष्ट्रिय विपद्को दुःखद् घडीमा प्रभावित नागरिकहरूको उद्धार, राहत, उपचार तथा पुनर्स्थापनाका लागि नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह, नागरिक समाज, निजी क्षेत्र, संघसंस्था तथा आम नागरिक सबैले आ—आफ्नो स्थानबाट सक्दो सहयोग गर्नु मानवीय दायित्व र सामाजिक उत्तरदायित्व हो । यसै मानवीय भावना, सामाजिक उत्तरदायित्व तथा विपद्मा परेका नागरिकहरूप्रतिको ऐक्यबद्धतालाई आत्मसात् गर्दै खप्तड छेडेदह गाउँपालिका गाउँकार्यपालिकाको मिति २०८३/०५/२२ गते बसेको बैठकको निर्णयानुसार, भोटेकोशी नदीमा आएको विनाशकारी बाढी लगायत देशका विभिन्न स्थानमा भएका प्राकृतिक विपद् बाट प्रभावित नागरिकहरूको उद्धार, राहत, उपचार तथा पुनर्स्थापनामा सहयोग पुऱ्याउने उद्देश्यले गाउँपालिकाका जनप्रतिनिधि तथा कर्मचारीहरूको पारिश्रमिक/सेवा सुविधाबाट तपसिल बमोजिमको रकम कट्टा गरी प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा एकमुष्ट जम्मा गर्ने निर्णय गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ ।

**तपशिल:**

| क्र.स. | विवरण | रकम | कैफियत |
|---|---|---|---|
| १. | जनप्रतिनिधी | ९३,५००। | गाउँपालिका अध्यक्ष रू. १२,०००। दिन, गाउँपालिका उपाध्यक्ष रू.१२,०००।, वडाध्यक्ष रू. ५,५००।, कार्यपालिका सदस्य रू. १,५००। र वडा सदस्य रु. १०००। को दरले । |
| २. | कर्मचारीको तलव | ४,४६,५८५। | अधिकृत स्तर ७ दिन, सहायक पाँचौ र चौथो तहको ५ दिन बराबरको तलव (नेपाल सरकारको निर्णय बमोजिम), श्रेणी विहिन तथा अन्य कर्मचारीहरूको रु.१०००।/५००। को दरले । |
| ३. | शिक्षक तथा विद्यालय कर्मचारी | १२,६८,८३१। | शिक्षक, विद्यालय कर्मचारी तथा वालविकास सहजकर्ताको समेत (नेपाल सरकार तथा गाउँकार्यपालिकाको निर्णय बमोजिम) |
| ४. | प्रकोप व्यवस्थापन कोष | २,५०,०००। | (गाउँ कार्यपालिकाको निर्णय बमोजिम) |
| ५. | जम्मा | २०,५८,९१६। | (अक्षररूपी बिस लाख अन्ठाउन्न हजार नौ सय सोह्र रुपैया ।) |

टेक बहादुर मौनी
प्रमुख प्रशासकीय अधिकृत
**प्रमुख प्रशासकीय अधिकृत**

दिल बहादुर रावत
गाउँपालिका अध्यक्ष
**दिल बहादुर रावत**
**गाउँपालिका अध्यक्ष**